थाहामा वडाको बजेट......। पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मिडिया चोक, मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१३, ● अंक-४८ ● २०७८ जेठ ३१ गते सोमबार, ● 14 Jun. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## थाहा नगरमा ब्याडमै फुल्यो काउली, कृषक चिन्तित



विकास संवाददाता
थाहा नगर

बेमौसमी तरकारी उत्पादनमा प्रशिद्ध मकवानपुरको थाहा नगरपालिकामा किसानहरूले व्यवसायिक खेतीका लागि काउलीको ब्याड राखेकोमा ब्याडमै फुलेको छ। ब्याडमा नफुलेका काउली रोपिएको केही दिनमै फुलेका छन् । यसले कृषकहरूमा चिन्ता थपिएको छ ।

थाहा नगरपालिका वडा नम्बर ३ की मिना पाखिनले अन्दाजी २ रोपनी जग्गा भाडामा लिएर काउली खेती गरेकी थिइन्। रोपेको दुई सातामै काउली फुल्यो। तर निकै सानो फुलेर विक्रीका लागि योग्य नभएपछि उनले काउली फालेर उक्त जग्गामा मकै रोपेकी छिन्। पाखिनजस्तै थाहा नगरपालिका- १का सुदिप थोकर र वडा नम्बर २ का श्रीकृष्ण श्रेष्ठको पनि उस्तै हालत भयो । एक महिनाअघि असिनाले आलु खेती सखाप पारेर आक्रान्त बनेका कृषकहरू व्याडबाट रोप्न तयार भएको काउली ब्याडमै फुलेपछि 'थाल खाउँ कि भात' भनेझैँ भएका छन्। यसरी फुलेको काउलीको वजन १०० ग्रामसम्म पनि नभएको पीडित कृषक श्रीकृष्ण श्रेष्ठले जानकारी दिए। अघिल्ला बर्षहरूमा राम्रोसँग फुल्दा एउटै बोटबाट दुई किलोग्रामसम्म फुल्ने गरेको उनको भनाइ रहेको छ ।

थाहा नगरपालिकामा जापानीज कम्पनीको ह्वाइट टप र सुपर ह्वाइट टप जातको काउली व्याडमै फुलेका हुन् । यी जातका काउलीलाई पानी धेरै चाहिने भएकोले अहिले सुख्खा समयमा रोपिएकोले समय नपुग्दै फुलेको थाहा नगरपालिका कृषि शाखाका प्रमुख सञ्जय तिवारी बताउँछन् । उनका अनुसार समय नपुग्दै काउली फुल्नुमा तीन कारण हुनसक्छन–पहिलो खडेरी, दोस्रो छिप्पिएको बेर्ना र तेस्रो नाइट्रोजनको कमी। नगर कृषि शाखा प्रमुख तिवारीले पहिलो चरणमा लगाइएका काउली समय नपुग्दै फुलेको कृषकहरूबाट गुनासो आएको बताए । 'करिब एक महिनाअघि रोपेको काउली फुलेको गुनासो आएको छ, पछिल्लो समय रोपिएको काउलीमा समस्या देखिएको छैन, यसको कारण 'सिजन' नमिलेर नै हो ,' उनले भने ।

ह्वाइट टप र सुपर ह्वाइट टप जातका काउली वर्षा याममा लगाउन उपयुक्त हुने कृषि प्रमुख तिवारीले बताए । बीउको गुणस्तरीयतामै समस्याका कारण ब्याडमै वा समय नपुग्दै काउली फुलेको हुन सक्ने आँकलन भइरहेको बेला उनले बीउमा भने समस्या नदेखिएको बताए ।

**समस्या बाली बीमाको**

९० प्रतिशतभन्दा बढी घरपरिवार कृषि पेसामा संलग्न रहेको थाहा नगरपालिकामा कृषि बाली बीमा भने पाँच प्रतिशतले पनि गरेका छैनन् । बाँकी पेज ५ मा

## थाहामा स्वरोजगार बढाउन कासेली घर सञ्चालनको तयारी

विकास संवाददाता
थाहा नगर



स्थानीय परम्परागत उत्पादनलाई प्रवर्धन गरी स्वरोजगार वृद्धि गर्न मकवानपुरको थाहा नगरपालिकामा 'कोसेली घर' सञ्चालनको तयारी गरिएको छ। कोशेली घरको लागि पूर्वाधार निर्माण भइसकेको र अब कोरोना भाइरसको महामारी कम हुनेवित्तिकै थप तयारी गरेर सञ्चालनमा ल्याइने नगर प्रमुख लवशेर बिष्टले बताए ।

थाहा नगरपालिकाले नगरको स्थानीय सीप र उत्पादन प्रवर्धन गर्न आफ्नै पहलमा कोसेली घर निर्माण गरेको हो। थाहा-४ नयाँगाउँमा निर्मित रूपचन्द्र विष्ट स्मृति भवनमा प्रदेश सरकारसमेतको सहयोगमा कोसेली घर सञ्चालनमा ल्याउन लागेको नगर पालिकाले जनाएको छ ।

स्थानीयस्तरमा घरेलु तथा साना उद्यमीले उत्पादन गरेका विभिन्न वस्तुलाई बजारमा उपलब्ध गराउने उद्धेश्यले कोसेली घर सञ्चालनमा ल्याउन लागिएको थाहा नगरका प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरीले बताए। प्रमुख प्रशासकीय अधिकृत पुरीका अनुसार कोसेली घरमा थाहा नगरपालिकाका स्थानीय घरेलु तथा साना उद्यमीले उत्पादन गरेका सेरामिक्स सामग्री, बाँसबाट बनेका सामग्री, क्रिष्टलका गहना, हातले बुनेका स्वेटर, झोलालगायत विभिन्न सामग्री, 'गिफ्ट'का सामग्री र घरेलु उत्पादित बिभिन्न खाद्य सामग्रीहरू राखिने छ ।

त्यसैगरी कोसेली घरमा नगरको परिचय झल्काउन मौलिक काष्ठकला, नेपाली कागजका हस्तकला, घरबुना कपडाका पुतली, खेलौना, टोपी, टाइचिन चिउरा बिक्रीबितरणका लागि राखिने छन् । धातु तथा ढलौटका कलाकृति, चित्रकला, खुकुरी, मुकुन्डो, माटोबाट बनेका क्युरियो सामग्रीसमेत कोसेली घरमा राखिनेछन् ।

नगरपालिकाका साना उद्यमीले घरमै बसेर उत्पादन गरेका वस्तुलाई नगरपालिकाले किनिदिने र कोसेली घरमा राखेर बिक्री गरिने नगर प्रमुख विष्टको भनाइ छ । यसरी स्थानीय उद्यमीहरूबाट सामान किन्दा उनीहरूलाई ५० प्रतिशत रकम किनेकै बखत उपलब्ध गराउने र बाँकी बिक्री भएपछि उपलब्ध गराउने नगरपालिकाको तयारी छ। कोसेली घरमा राखिने वस्तुहरूको उत्पादनका लागि स्थानीय साना उद्यमीहरूलाई आवश्यक तालिम र परामर्श सेवासमेत प्रदान गरिने नगरपालिकाले योजना बनाएको छ ।

थाहानगरका मौलिक एवम् परम्परागत घरेलु उत्पादनको एकीकृत बजार प्रवर्द्धन गर्न कोसेली घरले सघाउ पुग्ने विश्वास नगर प्रमुख विष्टको विश्वास छ । नगरका मौलिक तथा परम्परागत पहिचान दिने सामग्रीहरू एकै ठाउँमा पाइने भएपछि नगर बाहिरबाट आउने पर्यटकहरूलाई 'कोसेली ' लैजान सजिले हुने उनले बताए । कोसेली घर सञ्चालनमा आएपछि साना उद्यमीहरूका लागि प्रोत्साहन मिल्ने थाहानगर उद्योग वाणिज्य संघका सभापति कविराज खत्रीले बताए। कोसेली घरले स्थानीय उत्पादनको बजारीकरणमा सहज हुने र नयाँ उद्यमीहरू समेत थपिने उनको विश्वास छ ।

## विपद्को अर्को साथी च्वाइस नेपाल

◆ विकास संवाददाता

विगत लामो समयदेखि थाहा नगरपालिकामा काम गर्दै आएको च्वाइस नेपाल नगरको बिपदको साथी सावित भएको छ ।

यसअघि पनि विपदको समयमा सहयोग गर्दै आएको उक्त संस्थाले नगरमा कोरोना नियन्त्रणमा सघाउ पुर्याउन स्वास्थ्य सामग्री सहयोग गरेको छ । च्वाइसले पछिल्लोपटक नगरपालिकालाई पाँच सय थान कोरोना जाँच्न प्रयोग गरिने एन्टिजिन प्रदान गरेको छ । त्यसैगरी १० थान अक्सिमिटरसमेत सहयोग गरेको छ ।

संस्थाका ग्रामीण विकास विषेशज्ञ कुलप्रसाद तिवारीले नगरका प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरीलाई दुबै सामग्री हस्तान्तरण गरेका हुन् । सो अवसरमा च्वाइसका तिवारीले नगरपालिकाको लागि केही दिनमा थप सामग्री उपलब्ध गराउने बताएका छन् ।

व्यक्तिगत घटना दर्ता सम्बन्धी जरुरी सूचना !

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर

नेपाल सरकारको सूचना !

सामाजिक सुरक्षा कोषमा सहभागी बनौं
सुरक्षित एवम् सुखद् जीवन यापन गरौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

विकास खबरपत्रिका साप्ताहिक | www.bikaskhabar.com
प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
२०७८ जेठ ३१ गते सोमबार, 14 Jun. 2021, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


# सम्पादकीय

## समस्यामा पनि सेवा दिँदै

कोरोना भाइरस होस या अन्य कुनै रोगको महामारी, अग्रपंक्तिमा रोग नियन्त्रण र उपचारका लागि काम गर्ने भनेकै चिकित्सक, नर्स र अस्पतालका कर्मचारीहरू हुन्। कोरोना फैलनु अघिको सामान्य समयमा यो पेशामा अहिलेको जस्तो धेरै दुःख थिएन। संवेदनशील रोगबाहेक अन्य समय कपडाबाट बनेको एप्रोन लगाएर बिरामीको स्वास्थ्य उपचारमा खटिए पुग्थ्यो। आफैं संक्रमित हुने सम्भावना पनि कमै थियो। अहिले समय फरक छ। कोरोना महामारीले उनीहरूको दैनिकी परिवर्तन मात्रै गरेको छैन। कुन बेला संक्रमित हुने र बिरामी पर्ने हो टुंगो हुँदैन। अझै पीपीईभित्र गुम्सिएर कोरोना संक्रमितको उपचारमा खटिनु चानचुने कुरो होइन। सामान्य सर्जिकल मास्क लगाउँदा त श्वास फेर्न र बोल्न गाह्रो मान्ने हामी पत्रपत्रको पीपीईभित्र गुम्सिएर काम गर्दाको पीडा सहजै अनुमान गर्न सक्छौं। कोभिड अन्य मान्छेजस्तै स्वास्थ्यकर्मीहरूका लागिसमेत प्राणघातक रोग हो।

मानिसहरू कोरोना भाइरससँग सुरक्षित रहन घरभित्रै बसिरहेका बेला स्वास्थ्यकर्मीहरू चाहिं कुनै समय बिदा नलिई घरबाट बाहिरिन बाध्य छन्। आफ्नो पेशाप्रतिको उत्तरदायित्व बोध गराउने समयका रूपमा यो समयलाई लिएर उनीहरूले घर, परिवार र आफन्त भन्न पाएका छैनन्। संक्रमित वा बिरामी हुनुपूर्वको समयसम्म कोभिडका बिरामीलाई निको पार्नमै खटिनु पर्ने बाध्यता उनीहरूमा छ। बिरामीलाई बचाउन नसक्दा मलिन अनुहार मास्क र पीपीईभित्र लुकाएर पीडा थाम्दै परिवार सम्झनुको विकल्प यो पेशा अँगाल्नेमा छैन। स्वास्थ्यकर्मीका पनि पेशाभन्दा फरक जिम्मेवारी छन्/हुन्छन्। परिवारको जिम्मेवारी सँगै पेशालाई समाल्नु उनीहरूको बाध्यता हो। अझै पुरुषभन्दा महिला स्वास्थ्यकर्मीका समस्या बढी हुन्छन्। कसैको श्रीमती, बुहारी, सासु वा आमाको भूमिका घरमा निभाउँदै पेशाले दिएको जिम्मेवारी पनि एउटै काँधमा उनीहरूले बोक्नुपर्छ। अझै यो कोरोना महामारीको समय सुत्केरी र गर्भवती स्वास्थ्यकर्मीका समस्या र पीडा धेरै छन्। भोजपुर दाँवाकी स्वास्थ्यकर्मी यसको एउटा उदाहरण हुन्। काखकी सानी छोरीलाई बिहानै स्तनपान गराएर आफूलाई पीपीईभित्र गुम्स्याउँदै उनी कोभिड अस्पताल पुग्नुपर्छ। खाना वा खाजाको समयबाहेक सानी छोरीलाई स्तनपान गराउन उनले पाउँदिनन्। शंकास्पद बिरामीको स्वाब संकलन र उपचारमा खटिनु पर्ने हुँदा छोरीलाई पनि कोरोना सार्ने त होइन ? भन्ने चिन्ता उनको मनमा सधैं हुन्छ। तर, यसको विकल्प पनि त छैन। भोजपुरकी स्वास्थ्यकर्मी प्रतिनिधि पात्र हुन्। उनीजस्ता सैयौं सुत्केरी र गर्भवती स्वास्थ्यकर्मी अहिले कोरोना संक्रमण न्यूनीकरण र संक्रमितको उपचारमा देशभर खटिएका छन्। अस्पताल, आइसोलेसन, क्वारेन्टाइन, हेल्थडेस्कमा दिनरात खट्ने यस्ता महिला स्वास्थ्यकर्मीसँगै काख र गर्भको बच्चामा हुने जोखिम उत्तिकै छ। स्वास्थ्यकर्मीको जनशक्ति कम हुने हुँदा यस्ता महिला स्वास्थ्यकर्मीका लागि छुट्टै व्यवस्था गर्नसमेत सरकारले सकेको देखिँदैन।

पेशागत र पारिवारिक दबाबका बिच समयको प्रवाह नगरी कोरोना संक्रमितलाई जोखिम मोलेर निको पारी डिस्चार्ज गर्दाको समय युद्ध जितेको महसुस गर्नबाहेक अन्य खुसी आफूहरूसँग नरहेको तीतो अनुभव ती स्वास्थ्यकर्मीमा छ। गर्भवती वा सुत्केरी महिलामा रोग प्रतिरक्षा क्षमता अरूको भन्दा कम हुन्छ। यो समय उनीहरूले अझै सतर्क र सावधान हुनुपर्ने स्त्रीरोग विशेषज्ञ बताउँछन्। उनीहरूको आफ्नै शारीरिक बाध्यता हुन्छन्, देश र विश्वव्यापी माहोलले मानसिक समस्यामा पनि उनीहरू उत्तिकै छन्। उनीहरूको पीडा र अवस्था बुझेर समस्या समाधानमा विकल्पको व्यवस्थापन पनि समयमा गर्नु उत्तिकै आवश्यक छ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:०० | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: ०० | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:०० | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १०:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १०:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १०:३० | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३० | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३० | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३० | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३० | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:०० | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३० | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# लक्षण देखिएर पीसीआर नेगेटिभ भएका ७० प्रतिशतका रोग के हुन् ?

**डा. शेरबहादुर पुन**




आजभोलि हामी हरेक दिनजसो कोरोनाको तथ्याङ्क हेर्ने र पढ्ने गर्दछौं । हाल केही दिन यता नेपालमा कोरोनाको पीसीआर र एन्टिजेन टेस्टको नतिजा हेर्दा २५-३० प्रतिशतको हाराहारीमा मात्र पोजिटिभ देखिने गरेको छ । कोरोनाको प्रतिशतलाई लिएर बहस र तर्क वितर्क पनि हुने गर्दछ । तर बाँकी ७० प्रतिशत कोरोना नेगेटिभको नतिजालाई लिएर भने कतै चर्चा र परिचर्चा वा सोचेको समेत पाइँदैन ।

नेपालमा दोस्रो लहर सुरू भएदेखि नै कन्ट्क्याक्ट ट्रेसिङ हुने गरेको छैन । संक्रमण भए र नभएको छुट्याउनलाई जाँचहरू गरिएको छैन । धेरैले लक्षण देखापरेपछि आफै परीक्षण गर्ने गरेका छन् । यी मानिसमा लक्षण देखिने तर कोरोना नेगेटिभ हुँदा अरू संक्रमक रोगहरूको सम्भावनाका बारेमा सोचेका वा चिकित्सकसँग परामर्श गरेको पाइँदैन । कोरोना संक्रमणको मात्र पछि लाग्दै गर्दा कोरोनासँग मिल्दाजुल्दा लक्षण भएका अरू संक्रामक रोगलाई बिर्सिर हेका त छैनौं ? गत वर्ष नेपालमा संक्रामक रोगहरू लगभग विलिन अवस्थामा थिए । लेखक पनि अचम्मित भएको थियो । कोरोनाको सुरूवाती समयमा नेपालमा रूघाखोकी र श्वासप्रश्वासमा समस्या देखिए फ्लुको परीक्षण गर्ने गरिन्थ्यो ।

यदि फ्लु परीक्षण पोजिटिभ देखिए कोरोनाको परीक्षण गरिँदैन थियो । त्यो बेला कोरोना परीक्षण सहज पनि थिएन । तर पछि प्रयोगशालाहरू क्रमशः खोलिँदै जाँदा कोरोना परीक्षण पनि सहज हुँदै गयो । जति कोरोना बढ्दै गयो त्यति नेपालमा बर्सेनि देखिने संक्रामक रोगहरू देखिने क्रम घट्दै गयो । मानिसहरूले साबुन पानी वा स्यानिटाइजरको निरन्तर प्रयोगले गर्दा हातबाट सर्ने सरूवा रोगहरू नदेखिनु त स्वाभाविक थियो होला तर बर्सेनि देखिने कीटजन्य रोगहरू पनि खासै देखा परेन । हरेक वर्ष दुई सिजनमा देखिने फ्लु भाइरस पनि गत वर्ष शून्य प्रायः देखिए । फ्लु र कोरोना भाइरसका लक्षण तथा सर्ने तरिकाहरू उस्तै भए पनि कोरोना भने तीव्र गतिमा फैलियो । फ्लु भाइरस कोरोना महामारी देखिएका देशहरूमा पनि अत्यधिक कम मात्र देखिएका थिए । यो विश्व वैज्ञानिकहरूले गरेका अग्रिम प्रक्षेपण / अनुमान भन्दा बिल्कूल भिन्न थियो ।

तर सन् २०२१ को सुरूवातसँगै फ्लु भाइरस भने फेरि देखिन सुरू भएको छ । अर्थात् फ्लु भाइरसको नेपालमा 'कम्ब्याक' भएको छ । विशेषतः नेपालमा फेब्रूवरी-मार्च तथा जुलाई-अगस्ट महिनामा फ्लु बढी देखिने गर्छ । सन् २०२१ को मार्च महिनामा मात्र ज्वरो, खोकी देखिएका बिरामीमा फ्लु परीक्षण गर्दा झन्डै २५५ (पच्चीस प्रतिशत) मा पोजिटिभ देखिएको थियो । यो त परीक्षण गराउन आएकाहरूमा देखिएको प्रतिशत मात्र हुन्, तर समुदायमा अरू फ्लुका सत्क्रंमितहरू हुनसक्ने अनुमान सहजै गर्न सकिन्छ । मानिसमा देखिने फ्लु अर्थात् इन्फ्लुएन्जा भाइरस 'ए', 'बी' र 'सी' गरी तीन प्रकारका हुन्छन् । यी तीनमध्ये 'ए' र 'बी' विशेषतः हरेक सिजनमा देखिने गर्छ । दुवैले मानिसलाई उत्तिकै स्वास्थ्य समस्या दिने गरेको यो पङ्तिकारसँग अनुभव छ । अहिलेसम्म फ्लु 'ए'ले मात्र पेन्डेमिकको रूप लिने गरेको देखिन्छ । पन्छीमा देखिने बर्डफ्लु ( ज्छल्ञ्रू) पनि फ्लु 'ए'अन्तर्गत पर्छ । बर्डफ्लु भाइरस पहिलो पटक सन् १९९७ सालमा मानिसमा पनि देखिएको र विश्वभरी फैलँदा आतङ्कित पारेको पनि थियो । सन् २०१९ मा पहिलो पटक नेपालमा पनि एक २१ वर्षीय युवकको मृत्यु बर्डफ्लुका कारणले भएको थियो । नेपालमा निरन्तर बर्डफ्लुको प्रकोप देखिने गरेको र नेपालीको मृत्युसमेत भइसकेको पृष्ठभूमिमा आगामी दिनहरूमा बर्डफ्लु भाइरस मानिसमा नसरोस् भन्नका लागि सतर्कता अपनाउनुपर्नेछ ।

पछिल्लो पटक फ्लु 'ए'अन्तर्गत पर्ने ज्ञ्ल्ञउम्फण्ढरू अर्थात् 'स्वाइन फ्लु' नामले चिनिने भाइरस सन् २००९ मा पेन्डेमिकका रूप लिएको थियो । तत्पश्चात 'स्वाइन फ्लु' नेपालमा हरेक फ्लु सिजनमा देखिने गरेको छ । तर यहाँ चाखलाग्दो कुरा के छ भने सन् २०२१ को सुरूवातदेखि फ्लु देखिँदै आएको भए पनि 'स्वाइन फ्लु' भने देखिएको छैन । हरेक फ्लु सिजनमा देखिने फ्लु 'बी' पनि देखिएको छैन । तर फ्लु 'ए'अन्तर्गतको अर्को प्रजाति ज्घ रूभने निरन्तर देखिँदै आइरहेको छ, जसलाई सर्वसाधारणले 'हङ फ्लु'को नामले चिन्ने गर्छन् । कोरोनाको जस्तो लक्षण भएकाहरूमा फ्लु परीक्षण गर्दा मार्च महिनामा मात्र झन्डै २५ प्रतिशतमा हां ङ फ्लु देखिएको थियो । यी सङ्कमितमध्ये कतिको मृत्यु भयो भन्ने यकिन तथ्याङ्क भने छैन । कोरोना महामारीबीच ' हां ङ फ्लु' मात्रै देखिनु अथवा 'स्वाइन फ्लु' र फ्लु 'बी' नदेखिनु लेखकका लागि जिज्ञासाको विषय बनेको छ ।

केही समयअगाडि एक व्यक्तिले आफ्नो बुवालाई ज्वरो, खोकी, स्वास प्रश्वासमा समस्या देखिएर तीन पटकसम्म कोरोना पीसीआर गर्दा पनि नेगेटिभ देखिएकाले यो पङ्तिकारसँग परामर्श लिन आइपुगेका थिए । अहिलेको परिस्थितिअनुसार कोरोनाको लक्षण मिल्दा एक पटकभन्दा परीक्षण गर्नु स्वाभाविक पनि थियो । तर ज्वरो, रूघाखोकी आएका सबैमा पीसीआर परीक्षण पोजिटिभ आउने गरेका छैनन् ।

तर हामीले पीसीआर नेगेटिभ देखिनुका कारणबारे सायदै सोचेका हुन्छौं । पहिलो लहरमा फ्लु टेस्ट गर्दा पनि नेगेटिभ आउने वा फाट्टफुट्टा देखिने गरेका थिए । तर दोस्रो लहरमा भने फ्लु 'ज्घरू' भाइरसको सत्त्या बढेको छ । तसर्थ ज्वरो, रूघाखोकी लक्षणमा कोरोना नेगेटिभ देखिए फ्लु भाइरस पनि हुनसक्छ । यद्यपि गर्मी महिनामा देखिने अरू सङ्क्रामक रोगहरूलाई पनि नजर अन्दाज भने गर्न मिल्दैन । अमेरिकामा बर्सेनि फ्लु भाइरसको जटिलताबाट ६१ हजारको मृत्यु भएको तथ्याङ्क देखिन्छ । नेपालमा भने यसको आधिकारिक तथ्याङ्क छैन । सन् २००९ मा स्वाइन फ्लु फैलँदा नेपालमा ठूलो त्रास देखिएको थियो । फ्लु भाइरस प्रमाणित भए नेपाल सरकारले निःशुल्क ओसेलटेमिभिर नामक एन्टी भाइरल औषधि दिने गर्दछ । लक्षण देखिएको ४८ घण्टाभित्र प्रयोग गरे संक्रमणको जटिलतालाई घटाउनेछ । फ्लुविरूद्ध भ्याक्सिन पनि उपलब्ध छ तर नेपालमा यसको प्रयोगमा खासै चासो लिएको देखिँदैन वा सर्वसाधारणलाई सो भ्याक्सिनबारे पर्याप्त जानकारी नै छैन ।

सन् २०२० को सुरूतिर कोरोना भाइरसले महामारीको स्वरूप लिँदै गर्दा चीनबाट फर्केका एक व्यक्तिले आफूलाई ज्वरो आउने, खोकी लाग्ने र श्वासप्रश्वासमा समस्या देखिँदा फ्लु भाइरस पुष्टि भएको थियो । फ्लुविरूद्धको औषधि लिएपछि उनले पूर्ण स्वस्थ लाभ गर्नुभएको थियो । त्यस्तै सोही समयतिर चीनको सीमा क्षेत्रमा रहेको एक गाउँ पूरै रूघा खोकी, ज्वरो तथा श्वासप्रश्वास समस्याबाट ग्रस्त हुँदा कोरोनाको ठूलो त्रास फैलिएको थियो र त्यहाँबाट कोरोना परीक्षण मागसहितको पत्र स्वस्थ मन्त्रालयलाई पत्राचार गरिएको थियो । पछि कोरोना जस्तो लक्षण देखिएकाहरूमा फ्लु प्रमाणित भएका थिए । लेखकले सो गाउँबाट आएका संक्रमितहरूको स्वस्थ परीक्षण गर्दा फ्लु हां ङ फ्लु निदान भएको देखेको थियो । कोरोना र फ्लु भाइरसमा देखिने लक्षणहरू धेरै मिल्दाजुल्दा हुने भएकाले प्रयोगशाला परीक्षण आवश्यक हुन्छ । कोरोना नेगेटिभ देखिएका बिरामीको फ्लु परीक्षण गर्ने व्यवस्था पनि गर्नुपर्ने देखिन्छ । परीक्षणबाट संक्रमण निदान गर्न सके संक्रमित स्वयमले सतर्कता अपनाउने र चिकित्सकलाई पनि उपचार गर्न सहज हुनेछ ।

आज भोलि ज्वरो आउने, खोकी लाग्ने बित्तिकै कतै आफूलाई कोरोनाले संक्रमण गरेको त होइन भनेर मनमा ढ्याङ्गो ठोक्ने गर्दछ । अहिलेको परिस्थितिअनुसार यस्तो सोच आउनु स्वाभाविक पनि हो । तर लक्षण भएकाहरूमा झन्डै ७० प्रतिशत पीसीआर नेगेटिभ देखिँदै गर्दा बर्सेनि देखापर्ने संक्रामक रोगहरूलाई पनि पूर्ण बेवास्ता गर्न मिल्दैन । पहिलो लहरमा नदेखिएको फ्लु भाइरस सन् २०२१ को सुरूवातसँगै फेरि देखिन थालेको छ ।

तसर्थ ज्वरो आउने, खोकी लाग्ने, सास फेन अफ्ठ्यारो हुने, जिउ तथा टाउको दुखेका सबैलाई कोरोना भाइरस हुनै पर्छ भन्ने छैन । त्यो फ्लु भाइरस पनि हुनसक्छ किनभने फ्लु भाइरसको 'कमब्याक' नेपालमा भइसकेको छ ।

*अन्नपूर्णपोष्टबाट*

# लोकगीतकी पर्याय: जसको आवाज झण्डै सात हजार गीतमा गुञ्जिन्छ




२०५१ सालतिरको कुरा हो । लक्ष्मी न्यौपाने पाल्पादेखि घुम्नकै लागि काठमाडौं आएकी थिइन् । घुमघामकै मेलोमा उनलाई एउटा रहर पनि पूरा गर्नु थियो- रेडियो नेपालको 'चौतारी' कार्यक्रममा गीत गाउने । 'चौतारी' त्यसबेला लोकगीतसम्बन्धी रेडियो नेपालको लोकप्रिय कार्यक्रम थियो । घुम्न आएको मौकामा लक्ष्मी रेडियो नेपाल पुगिन्, गीत गाइन् । रेडियोमा उनको भेट चर्चित गायक/संगीतकार नारायण रायमाझीसँग भयो । उनले लक्ष्मीको स्वर सुने । जादुमयी स्वरले रायमाझीको समेत मन जित्यो । रायमाझीले भर्खरै रेकर्डिङ स्टुडियो खोलेका थिए । उनले लक्ष्मीलाई गीत रेकर्डिङका लागि हौसला दिए ।

' अहिले तीजका गीतहरु रेकर्डिङ भइरहेका छन् । तपाईं पनि गाउनुहोस् भन्नुभयो,' लक्ष्मीले त्यो क्षण सम्झिँदै सुनाइन्, 'तीजका गीतहरु लेखेर तयारी थियो । उहाँलाई सुनाएँ । उहाँले त आफ्नै एल्बममा गाउने अवसर दिनुभयो ।' रायमाझीको 'तीजको र मझम आयो बरिलै' एल्बमका लागि उनले दुईवटा गीत रेकर्ड गर्ने अवसर पाइन् । त्योबेला अहिलेजस्तो 'च्याउसरी' रेकर्डिङ स्टुडियोहरु खुलिसकेका थिएनन् । रेडियो नेपालमै बढी गीत रेकर्डिङ हुन्थ्यो । बाहिर रेकर्डिङ भएका गीतहरु रेडियोमा प्रशारण हुन गाह्रो थियो । बोर्ड बैठकबाट पास हुनुपर्थ्यो । लक्ष्मी गीत रेकर्डिङ गराएको केही समयपछि पाल्पा फर्किइन् । आफ्नो गीत रेडियोमा बज्छ/बज्दैन, कुनै टुंगो थिएन । घर पुगेपछि उनको कान रेडियोतिर सोझिइर ह्रयो । पञ्चमीको दिन रेडियो नेपालबाट उनको गीत प्रशारण भयो । आफ्नो गीत रेडियोमा बज्दा उनी खुशीले उफ्रिइन् । 'त्यो दिन त दिनभर रेडियो सुनेर बसेँ', आज पनि त्यो अविस्मरणीय दिन सम्झिरहन्छु ।'

**भजनबाट सुरू भएको यात्रा**

पाल्पाको रम्घा, जहाँ लक्ष्मी जन्मिइन् । आमाबुवाका ६ सन्तानमध्ये उनी माइली छोरी । सानैदेखि सांगीतिक वातावरणमा हुर्किइन् । लक्ष्मीको घरमा सरस्वती मन्दिर निर्माण गरिएको थियो । मन्दिरमा हरेक दिन साँझ छिमेकीहरु जम्मा भएर पूजा, भजनकीर्तन हुन्थ्यो । भजनपछि मात्र उनको घरमा खाना खाने प्रचलन थियो । लक्ष्मीका बुवा, काका, फूपू दिदीहरु भजनमा सहभागी हुन्थे । शिक्षक बुवा भोलाप्रसाद गीत लेख्ने, गाउने गर्दथे ।

लक्ष्मीको गायन यात्रा घरमा हुने त्यही भजनकीर्तनबाटै अघि बढ्यो । उनी आफू सानैदेखि गला मिलाएर भजन गुनगुनाउने गरेको सम्झन्छिन् । विद्यालय भर्ना भएपछि नियमित गायन प्रतियोगीतामा भाग लिन थालिन् । विद्यालयमा गाउन बुवाले नै सिकाउँथे । उनी बुवाले सिकाएअनुसार स्वर खिपेर गाउने अभ्यासमा पारङ्गत हुँदै गइन् । 'बुबाले गीत लेखेर गाउन सिकाउनुहुन्थ्यो । उहाँले सिकाएअनुसार १/२ कक्षामा पढ्दादेखि नै विद्यालयमा गीत गाउन थालेँ,' गायनमा सानैदेखि बुबाको प्रेरणा रहेको बताउँदै लक्ष्मी भन्छिन्, 'बुबाका गीत रेकर्ड नभएपनि उहाँ लेख्न, गाउनमा रुची राख्नुहुन्थ्यो ।' लोकगीत प्रतियोगिताकै लागि उनी अर्को विद्यालयसम्म पुग्थिन् । अधिकांश ठाउँबाट पुरस्कार जितेर ल्याउँथिन् ।

त्यो समय गीतसंगीत सुन्नका लागि रेडियो नेपाल एकमात्र विकल्प थियो । उनले पनि काठमाडौं पुगेर रेडियो नेपालको 'चौतारी'मा गीत गाउने रहर पालेकी थिइन् । फुपूदिदी काठमाडौंमा रहेकाले घुम्नेसँगै रेडियो कार्यक्रममा गीत गाउने रहर पालेर लक्ष्मी काठमाडौं आएकी थिइन् । त्यही रहर पूरा गर्ने क्रममा नारायण रायमाझीसँग भेट भयो । त्यसपछि उनले रेकर्डिङको अवसर पाइन् । 'स्वर परीक्षा छुट्यो, एकैपटक दर्जन गीत गाएँ'

आफ्नो गीत रेडियोबाट बजेपछि र सबैले प्रशंसा गरेपछि भने उनमा कताकता गायिका बन्ने आकांक्षा पलाउन थाल्यो । त्यस समय गायिका बन्न 'रेडियो नेपालबाट स्वर परीक्षा पास गर्नुपर्छ' भन्ने थियो । उनमा पनि स्वर परीक्षा दिने सोच आयो । परिवारले पनि स्वर परीक्षाका लागि प्रेरणा दिए ।

रेडियोमा स्वर परीक्षा दिनका लागि भनेर लक्ष्मी २०५२ सालमा फेरि काठमाडौं पुगिन् । फर्म भर्ने समय सकिएकाले स्वर परीक्षा छुट्यो । तर, सोही समय एकैपटक एक दर्जन गीत रेकर्ड गर्ने अवसर पाइन् । नारायण रायमाझीकै सिफारिसमा उनले नौवटा देउडा गीत र केही दोहोरी गाइन् । ती सबै गीत रायमाझीकै 'रीमा रेकर्डिङ स्टुडियो'मा रेकर्डिङ भए । त्योबेला नौवटा देउडा गीत गाएबापत उनले २७ सय रुपैयाँ पारिश्रमिक पाइन् । पहिलोपटक पारिश्रमिक पाउँदा निकै खु:सी लागेको उनी आज पनि याद गर्छिन् । त्यसपछि लक्ष्मी गाउँ फर्किइन् । दुई वर्ष गाउँमै बिताइन् । 'त्यतिबेला धेरैले स्वर राम्रो छ । गायनमा लाग्नुपर्छ भनेर हौसला दिनुभयो । उहाँहरूले गायिका बन्न काठमाडौं बस्नुपर्छ भन्नुभयो,' लक्ष्मी सुनाउँछिन्, 'परिवारले पनि त्यही सल्लाह दिनुभयो । २०५४ सालमा मात्रै काठमाडौं बस्नेगरी आएँ ।' सोही वर्ष रेडियो नेपालले राष्ट्रव्यापी लोकगीत प्रतियोगिता आयोजना गरेको थियो । त्यसमा उनी सहभागी भइन् । उत्कृष्ट तेह्रसम्म पुगिन् । २०५५ सालमा रेडियो नेपालबाट स्वर परीक्षा उत्तीर्ण गरिन् । सोही वर्ष आ^नो पहिलो लोकदोहारी क्यासेट एल्बम 'नजाऊ है रेलैमा' बजारमा ल्याइन् ।

**जमाना क्यासेटको**

डिजिटल प्रविधि नहुनाले गीत सुन्न रेडियोमा कान थापेर बस्नुपर्ने बाध्यतालाई अडियो क्यासेट विकल्पका रूपमा आएको समय थियो त्यो । अडियो क्यासेटले बजार पिट्दै थियो । क्यासेटमा 'ए' र 'बी' साइडगरी आठ वटासम्म गीत समावेश हुन्थे । प्रायः 'ए' साइटमा चलेका गायक-गायिकाका गीत राखिन्थ्यो, 'बी' साइडमा नयाँ स्वर राखिन्थे । सवारीसाधनहरूमा पनि त्यसबेला गीतहरु निकै घन्किन्थे । बिस्तारै जिल्ला-जिल्लामा एफएम रेडियो खुल्ने लहर सुरु भयो । एफएम रेडियोमा क्यासेटको खात-खात बनाएर राखिन्थ्यो । एल्बम बिक्रीअनुसार कम्पनीले गायक-गायिकालाई रोयल्टी दिन्थे । लक्ष्मीको यही समय गीतियात्रा उत्कर्षमा रह्यो । पहिलो एल्बम आफ्नै लगानीमा ल्याएपनि त्यसपछि उनलाई दर्जनौं गीतको अफर आउन थाल्यो । 'कालीपारे दाइ', 'फुलबुट्टे चोलीमा', 'लडाइँको लाहुरे', 'मुग्लिनको बजार', 'माछापुच्छे शिर'जस्ता उनका गीत निकै चर्चित भए । 'मौरी फूलमाथि' 'फूलमा भमरा', 'बनमा काँडा छ', 'सिमसिम पानी रइछौं बेइमानी', 'मिर्मिरेको घाम', 'सारङगी रेटौँला मौका मिले फेरि भेटौंला' जस्ता गीतहरु नेपालभरि गुञ्जिए । आफ्नै एल्बम 'कर्म', 'जुनेली रातैमा'को क्यासेटको माग बढ्यो । 'टलटल टलिकनलाई', 'तीज आयो राजै', 'झल्को माइतीको'जस्ता एकपछि अर्को तीज गीतहरु हिट हुँदै गए । त्यो समय लक्ष्मी हरेक दिनजसो रेकर्डिङ स्टुडियोमा व्यस्त हुन थालिन् । दिनमै ६ वटासम्म गीत रेकर्डिङ गर्ने क्रम चल्यो । यतिञ्जेलसम्म लक्ष्मीको स्वरका पार खीहरु दिनानुदिन बढ्दै गए । रेकर्डिङ स्टुडियोमा उनका नाममा सयौंले चिठ्ठी पठाए । लक्ष्मी सुनाउँछिन्, 'अहिलेजस्तो मोबाइल, फेसबुकको जमाना थिएन् । स्रोताहरूले गीत सुनेर रुचाएपछि स्टुडियोमा हाम्रो नाममा चिठ्ठीहरु पठाउनुहुन्थ्यो ।' त्यतिबेला स्टेज कार्यक्रम कम हुन्थ्यो । लक्ष्मी आफैं पनि स्टुडियोमा व्यस्त हुने भएकाले स्टेज कार्यक्रममा कमै हिँड्थिन् । २०६० को दशकदेखि फाट्टफुट स्टेज कार्यक्रममा हिँड्न थालिन् । त्यसपछिका गीतहरु पनि निकै रुचाइए ।

'रून्छ नि मन किन रूँदैन', 'पूर्वमा झ्याल राखे', 'चरी भए आउँथे उडेर','फूलको थुंगामा', 'यो मायाको संसार विचित्र', 'मधु वनैमा', 'अब त आँटम भो', 'माइतीको काख' जस्ता थुप्रै गीतहरु उत्तिकै रुचाइए । तीज गीतहरु त हरेक रुचाइए । अहिलेसम्म झण्डै सात हजार गीतमा स्वर दिएको उनको दाबी छ । लोकगीत मात्र होइन, उनले तीनसय भन्दाबढी देउडा गीत गाएकी छन् । तामाङ सेलो, देउडा, भोजपुरी, थारु तथा काठे गीतमा पनि उनको स्वर गुञ्जिन्छ । कुनै समयकी व्यस्त गायिका लक्ष्मीको व्यस्तता हिजोआज घटेको छ । यो कुरा उनी स्वीकार्छिन् । तर, स्रोता-दर्शक एवं शुभचिन्तकलाई त्यो लागेपनि आफू गीतसंगीतबाट कहिल्यै टाढा नगएको उनी सुनाउँछिन् । बालबच्चाको रेखदेखमा समय दिनुपर्ने भएका कारण २०६५ सालपछि केही समय गीत नगाए पनि त्यसपछि उनी फेरि गायनमै छिन् । हरेक वर्ष उनी तीजमा आफ्नै प्रस्तुतिमा गीत सार्वजनिक गर्छिन् । तीजबाहेक अन्य लोकगीत पनि सार्वजनिक हुँदै आएका छन् ।

'अहिले पनि दुईवटा गीत रेकर्ड भइसकेका छन् । सहज वातावरण भएपछि छायांकन गरेर सार्वजनिक गर्ने तयारी छ । त्यस्तै, तीज गीत पनि ल्याउने सोच बनाएकी छु', उनले नयाँ गीतहरूको तयारीबारे सुनाइन् । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानकी आजीवन सदस्य लक्ष्मीले दर्जनौं अवार्ड, पुरस्कार तथा सम्मान पाएकी छिन् । लोकगीतमा समयसँगै परिवर्तन आवश्यक भए पनि मौलिकपन रहने गरी गीत ल्याउनुपर्ने धारणा लक्ष्मी राख्छिन् । 'सकेसम्म राम्रा गीत, आफ्नो मौलिकपन, आ^नो माटो सुहाउँदो, संस्कृति सुहाउँदोलाई समेटने खालका गीतहरु गाउनुपर्छ' उनी सुझाउँछिन्, 'सकेसम्म गीतले केही सन्देश देओस् कि स्वस्थ्य मनोरञ्जन देओस् ।'

**'म भाग्यमानी गायिकामा पर्छु !'**

लक्ष्मी परिवारसँगै स्रोताहरूको मायाले आफू यहाँसम्म आएको बताउँछिन् । परिवारको साथले निरन्तर गायनमा सक्रिय रहन सकेकोमा खुसी व्यक्त गर्छिन् ।

'त्यो समय छोरीमान्छेले गीत गाएको त्यति राम्रो मानिँदैन'थ्यो,' लक्ष्मीले भनिन्, ' विवाहपछि पनि परिवारबाट साथ पाएँ । धेरै चर्चित गीतहरु विवाहपछि नै गाएकी छु ।' उनी आफूलाई भाग्यमानी गायिका मान्छिन् । २०५९ सालमा रुपन्देही निवासी झलक रेग्मीसँग विवाह गरेकी लक्ष्मीका दुई छोरा र एक छोरी छन् ।

# वर्षातमा स्मार्टफोनको सुरक्षा

मनसुनको आगमनसँगै देशभर वर्षात् सुरू भैसकेको छ । वर्षाले विभिन्न खाले विपद्हरू निम्त्याइरहेको छ र धेरै धनजनको क्षति पनि भैसकेको छ । वर्षाको बेला मानिसहरूलाई प्रकोपको चिन्तासँगै अर्को एउटा चिन्ता पनि हुनेगर्दछ त्यो हो आ^नो मोबाइल फोनलाई पानीमा भिज्नबाट कसरी बचाउने अनि स्मार्टफोनलाई कसरी सुर क्षित राख्ने ? स्मार्टफोनलाई पानीमा भिज्नबाट बचाउनका लागि के गर्ने ? यसका लागि यी केही उपाय अपनाउन सक्नुहुन्छ :

-स्मार्टफोनका लागि वाटरप्रूफ थैली प्रयोग गर्नुहोस् : आजकल बजारमा स्मार्टफोन राख्न मिल्ने प्लास्टिकका स-साना थैलीहरू सजिलैसँग पाइन्छ । पानी नछिर्ने त्यस्ता वाटरप्रूप थैलीले फोनको खोलको काम पनि गर्दछन् । हुनत आजकल अधिकांश फोनहरू आफैमा वाटरप्रूफ नै हुन्छन् जो झरीमा रूझ्दा वा केही बेरको लागि पानीमा खस्दा पनि पानी छिरेर बिग्रिंदैन । तर वाटरप्रूफ थैली प्रयोग गर्नुभयो भने जस्तोसुकै स्मार्टफोनलाई पनि पानीबाट सुरक्षित राख्न सकिन्छ । जिपलकसहितको त्यस्तो थैलीभित्र सिलिका जेलको टुक्रा हाल्नुभयो भने त्यसले आद्रता सोसेर फोनलाई झनै सुरक्षित राख्नेछ ।

-ब्लुटुथ इयरफोन वा इयरबड्सको प्रयोग गर्ने : प्रतिस्पर्धाकै कारण हाल बजारमा निकै सुपथ मूल्यमा ब्लुटुथ इयरफोन तथा इयरबड्स पाइन्छन् जो पानी तथा धूलो प्रतिरोधीसमेत हुन्छन् । वर्षाको समयमा तपाईंले आफ्नो स्मार्टफोन गोजी वा ब्यागमा राखेर सो ब्लुटुथ डिभाइसको मद्दतले फोनमा कसैसँग कुराकानी गर्न वा म्युजिकलगायत सुन्न पनि सक्नुहुन्छ । यसबाट तपाईंलाई कुरा गर्न वा अन्य कारणका लागि फोन बाहिर निकालिरहनु वा पानीमा भिजाउनु परेन ।

-तपाईंले स्मार्टफोनलाई वाटरप्रूफ थैलीमा नराखीकनै बाहिर गएको बेला अचानक वर्षा भयो र आफू झरीमा रूझ्नुभयो भने त्यस्तो बेला तपाईंले आफ्नो मोबाइल फोनलाई कसरी सुरक्षित राख्ने ? त्यस्तो बेलामा तपाईंले आसपासमा कतै सुख्खा पोलिथिन वा कागज देख्नुभयो भने तुरून्तै त्यसमा आफ्नो मोबाइल फोनलाई बेरेर राख्नुहोस् । त्यसले तपाईंको फोनलाई आफू ओतसम्म जाउन्जेल भिज्नबाट रोक्नेछ ।

-स्मार्टफोनलाई तत्कालै स्विचअफ गर्ने : यदि तपाईं कतै झरीमा फस्नुभयो र ओत पनि छैन भने यस्तो बेलामा तपाईंको फोन ठूलो जोखिममा पर्दछ । यदि त्यस्तो भयो भने स्मार्टफोन स्विचअफ गरेर भित्री गोजीमा हाल्नु उपयुक्त हुन्छ । फोनलाई पोलिथिन वा कागज आदिमा बेरेर राख्न सकियो भने झनै सुरक्षित हुन्छ । स्वीच अफ गरेको अवस्थामा फोन भिजिहालेमा पनि नबिग्रिने सम्भावना बढी हुन्छ ।

-वाटरप्रूफ खोल : सचेत बनेर सुरक्षाका उपाय अपनाउनु सधैका लागि राम्रो कुरा हो । आफ्नो स्मार्टफोनका लागि नयाँ कभर खरीद गर्दा वाटर प्रूफ कभर किन्नुहोस् । हुनत अन्य स्मार्टफोन कभरका तुलनामा वाटरप्रूफ कभर उस्तो आकर्षक नहुन सक्दछन् । तर वर्षातको समयमा मात्रै भएपनि आफ्नो फोन बँचाउनका लागि आफ्नो फोनमा पानी नछिर्ने खोल हाल्नुहोस् ।

## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# सहरी स्वास्थ्य क्लिनिकको शिलान्यास



◆ विकास संवाददाता

हेटौंडा वडा नम्बर-१ जरूवाटोलमा बन्ने शहरी स्वास्थ्य क्लिनिकको शिलान्यास गरिएको छ । बिहिबार एक समारोहका विच हेटौंडा उपमहानगरपालिका प्रमुख हरि बहादुर महतले उक्त क्लिनिकको शिलान्यास गरेका हुन् ।

नकौली शहरी स्वास्थ्य क्लिनिक अन्तर्गत बन्न लागेको ५ कोठे भवनको लागत ४४ हजार रहेको हेटौंडा वडा नम्बर १ का वडाध्यक्ष सविन न्यौपानेले बताएका छन् ।

यस अघि शहरी स्वास्थ्य क्लिनिक अन्तर्गत हेटौंडा-१ बाजोंडाँडामा किल्निक निर्माण सम्पन्न भइसकेको र छिट्टै संचालनको तयारीमा रहेको वडाध्यक्ष न्यौपानेले बताए।शिलान्यास कार्यक्रममा वडाध्यक्ष न्यौपाने सहित,वडा सदस्य बेगम बराल, उपभोक्ता समिति अध्यक्ष दिपेन्द्र साही लगायतको उपस्थिति रहेका थियो । बाजोंडाँडाको क्लिनिक संचालनमा आएपछि उपचारका लागि हेटौंडा बजार आउनु पर्ने बाध्यात्मक अवस्थाको अन्त्य हुने वडाध्यक्ष न्यौपानेले जानकारी दिएका छन ।

# हेटौंडा अस्पताललाई स्वास्थ्य सामाग्री सहयोग



◆ विकास संवाददाता

मकवानपुर-कोरिया मञ्च दक्षिण कोरियाले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानद्वारा सञ्चालित हेटौंडा अस्पताललाई स्वास्थ्य सामाग्री सहयोग गरेको छ। कोरोना भाइरसको संक्रमणका कारण परेको समस्यालाई ध्यान दिँदै मञ्चले अस्पतालाई स्वास्थ्य सामाग्री सहयोग गरेको हो । मञ्चले हेटौंडा अस्पतलमै पुगेर एक कार्यक्रमका बीच १२० थान पिपिई सेट, ७५० वटा सर्जिकल ग्लोब्स, दुई हजार पिस माक्ससहित करिब दुई लाख रूपैयाँ बराबरको स्वास्थ्य सामाग्री सहयोग गरेको जो ।स्वास्थ्य सामाग्री हेटौंडा उपमहानगरपालिकाका प्रमुख हरिबहादुर महतले प्रतिष्ठानका र जिष्ट्रर तथा अस्पतालका अध्यक्ष राजेश प्रसाईंलाई हस्तान्तण गरेका हुन् ।

मञ्चका पूर्व अध्यक्ष रमेश उप्रेतीले कार्यक्रमको बारेमा जानकारी दिँदै कोरोना भाइरसबाट आक्रान्त बनेको समयमा प्रवासमा रहेका नेपालीहरूको तत्परतामा अस्पताललाई स्वास्थ्य सामाग्री सहयोग गर्न पाएको बताए । उनले दक्षिण कोरियामा रहेका मञ्चका सदस्यहरूको अग्रसरतमा स्वास्थ्य सामाग्री हेटौंडा अस्पताललाई सहयोग गरेको उल्लेख गरे ।

विपदमा रहेका हरेक क्षेत्रलाई सकेको सहयोग गर्ने मञ्चको पूर्व कार्यक्रम अनुसार अस्पतालालाई पनि सहयोग गरेको जानकारी दिए । मञ्चका पूर्व अध्यक्ष दुर्गा दाहालको अध्यक्षतामा भएको कार्यक्रमको सहजीकरण मञ्चकै पूर्व अध्यक्ष राजकुमार गोलेले गरेका थिए । कार्यक्रममा अस्पतालका पूर्व अध्यक्ष सुनिल मोक्तान, मेसु डा.रामचन्द्र सापकोटा, मञ्चका महासचिव शुभराज भोम्जन, वागमती प्रदेश कोरियाका संयोजक किशोर ब्लोन, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतम, मञ्चका पूर्व अध्यक्ष, सदस्यलगायतको उपस्थिति रहेको थियो ।

हेटौंडा उपमहानगरपालिका र नेपाल पत्रकार महासंघ मकवानपुरको समन्वयमा वितरण गरिएको स्वास्थ्य सामाग्री मकवानपुर-कोरिया मञ्च दक्षिण कोरियाका अध्यक्ष सूर्य रूम्बाको अग्रसर तामा संकलन गरिएको थियो ।त्यसैगरी मञ्चले हेटौंडा अस्पतालमा सञ्चालन भइरहेको हेल्प डेस्क मकवानपुरलाई ५० कार्टुन पानी सहयोग गरेको छ । मेयर महतले डेक्सका संयोजक रामकृष्ण शिवाकोटीलाई पानी हस्तान्तरण गरेका थिए ।

# अक्सिजन कन्सन्ट्रेटर सहयोग

◆ विकास संवाददाता

हिमाल मुटु अस्पताल काठमाडौंले मकवानपुरको पश्चिमी क्षेत्रस्थित विकट राक्सीराङ गाउँपालिकालाई ५ थान अक्सिजन कन्सन्ट्रेटर सहयोग गरेको छ ।

नेपाली कांग्रेसकी केन्द्रीय सदस्य महालक्ष्मी उपाध्याय डिना र नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता एवं कांग्रेस मकवानपुरका सभापति ईन्द्रबहादुर बानियाँको विशेष पहलमा हिमाल मुटु अस्पतालले राक्सीराङ गाउँपालिकालाई उक्त ५ थान कन्सन्ट्रेटर बुधबार उपलब्ध गराएको हो । हिमाल मुटुको सहयोगमा हेटौंडा उपमहानगर पालिका ६ मा निर्माणाधिन सिद्धस्थली रूलर कम्युनिटि अस्पतालको प्राङगणमा उक्त कन्सन्ट्रेटर नेताद्वय डिना र बानियाँले संयुक्तरूपमा राक्सीराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्ललाई हस्तान्तरण गरेका छन् । हेटौंडा ६ का वडा अध्यक्ष अर्जुन चौलागाईको अध्यक्षतामा भएको हस्तान्तरण कार्यक्रममा कांग्रेस हेटौंडा उपमहानगर सभापति आनन्दराम पराजुली, हिमाल मुट अस्पतालकी अध्यक्ष गोमा गौतम, डाक्टर अमन गौतम, सहयोगी मन नेपालका अध्यक्ष केदार चौलागाई, सचिव दीपक तिवारी, कांग्रेसका महाधिबेशन प्रतिनिधि ईश्वर पण्डित, महिला संघ जिल्ला सचिव निलम देवकोटा, दिव्यतारा बहुउद्देश्यीय सहकारीका व्यवस्थापक रमेश कोइरालालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा राक्सीराङ गाउँपालिका अध्यक्ष मल्लले अक्सिजन कन्सन्ट्रेटर बुझ्दै मकवानपुरको विकट राक्सीराङमा गरिव तामाङ र लोपोन्मुख चेपाङ, प्रजाको बसोबास रहेको गाउँपालिका भएकाले कोरोना महामारीमा धेरै नै राहात पुग्ने बताउँदै सहयोग गर्ने हिमाल मुटु र पहल गरिदिने नेताद्वयलाई विशेष आभार प्रकट गरे ।

# पत्रकारलाई स्वास्थ्य सामाग्री



◆ विकास संवाददाता

मकवानपुरकोउत्तरी क्षेत्र थाहा नगर र इन्द्रसरोबर गाउँपालिकाका सञ्चारगृहमा कार्यरत सञ्चारकर्मीहरूको लागि नेपाल पत्रकार महासंघ मकवानपुरले स्वास्थ्य सामाग्री सहयोग गरेको छ । नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतमको नेतृत्वमा शनिबार पुगेको टोलीले मास्क, सेनिटाइजर, फेस शिल्ड, ग्लोब्सल गायतका स्वास्थ्य सामाग्री सहयोग गरेको हो ।

थाहानगरमा रहेको रेडियो दामन, रेडियो पालुङ, बाइरोड न्यूज अनलाईन, थाहा टाइम्स अनलाईन, विकास खबर पत्रिका, थाहा पाटी अनलाईन र रेडियो इन्द्रसरोवरमा कार्यरत सञ्चारकर्मीलाई कार्यस्थलमै भेटेर करिब एक हजार २ सय थान मास्क, सय थान सेनिटाइजर र ग्लोब्स सहयोग गरिएको हो । कोरोना भाइरसको महामारीकाबीच पनि समाचार संप्रेषणमा खटिएका सञ्चारकर्मीलाई स्वास्थ्य सुरक्षा अपनाएर काम गर्न आग्रह गर्दै स्वास्थ्य सुरक्षाका सामाग्री हस्तान्तरण गरिएको महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतमले बताए ।

मकवानपुर उद्योग वाणिज्य संघका महासचिव प्रमोदसिं र ानाभाटसमेतको सहयोग र सहभागितामा स्वास्थ्य सामाग्री हस्तान्तरण गरिएको थियो । सामाग्री ग्रहण गर्दै थाहा नगर पालिकाका सञ्चारकर्मीहरूले आफूहरूको अवस्था बुझ्दै कार्यस्थलमै आई स्वास्थ्य सामाग्री प्रदान गरिएको भन्दै आभार व्यक्त गरेका थिए । महासंघको सहयोगले आफूहरूलाई निरन्तर काममा खटिनको लागि हौसला प्राप्त भएको उनीहरूको भनाइ थियो ।

स्वास्थ्य सामाग्री हस्तान्तरण कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सुनिल खड्का, मकवानपुर उद्योग वाणिज्य संघका महासचिव प्रमोदसिं रानाभाट, नेपाल पत्रकार महासंघ मकवानपुरका सहसचिव एमपी शर्मा, कोषाध्यक्ष केशव समर्पणको सहभागिता रहेको थियो ।

# जेष्ठ नागरिक आश्रयस्थलहरूलाई सहयोग

◆ विकास संवाददाता

मकवानपुर उद्योग वाणिज्य संघको नेतृत्वमा विभिन्न संघसंस्थाहरूको सहकार्यमा स्थापित कोभिड हेल्प डेस्क मकवानपुरले बुधबार जेष्ठ नागरिक आश्रयस्थललाई सहयोग गरेको छ । हेटौंडा-१५, रातोमाटेस्थित दिव्यसेवा निकेतन, जेष्ठ नागरिक आश्रयस्थललाई खाद्य सामग्री सहयोग गरिएको हो । आश्रयस्थलकै आग्रह अनुरूप चना, दाल, तेल, स्याऊ, चाउचाउ र विस्कुट सहयोग गरिएको हो ।

यस्तै हेटौंडा-१७, गैरीगाऊं स्थित श्रीमद्भागवत ज्ञानसंचार वृद्धाश्रममा पनि खाद्य सामग्रीहरू वितरण गरिएको थियो । वृद्धाश्रमकै आग्रह अनुसार चना, स्याऊ, साबुन र सर्फ वितरण गरिएको थियो । मउवासंघका महासचिव प्रमोद सिंह रानाभाटको संयोजकत्वमा खाद्य समग्री वितरण गरिएको हो ।

खाद्य सामग्री वितरण कार्यक्रममा कोभिड हेल्प डेस्कका संयोजक कृष्ण कटुवाल, सदस्यहरू ज्ञानेन्द्र कार्की, शंकरलाल श्रेष्ठ,



मउवासंघका उपाध्यक्ष रामप्रसाद न्यौपाने, सचिव सन्तोष कुमार अर्याल, उपभोक्ता हित संरक्षण मञ्चका अजय अधिकारी, मउवासंघका भुप्रेन्द्र अधिकारीलगायतको उपस्थिति रहेको थियो ।

बुधबार हेल्प डेस्कबाट चार सिलिण्डर अक्सिजन सहयोग गरिएको छ । हेटौंडा-१, मेनरोडका एकजना, हेटौंडा-६, गौरीटारका एकजना र हेटौंडा-१५, रातोमाटेका एकजना गरी जम्मा तीनजना बिरामीलाई चार सिलिण्डर अक्सिजन निःशुल्क सहयोग गरिएको हो । बुधबार साँझ सम्ममा पल्पसा आइसोलेशन सेन्टरमा ११ जना संक्रमित भर्ना भएको संयोजक कटुवालले जानकार दिए । जसमध्ये ७ जना महिला र ४ जना पुरूष रहेका छन् ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको ब्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# थाहामा वडाको बजेट बढ्यो, बजेटले के गर्न पाइन्छ, के गर्न पाइँदैन



◆ विकास संवाददाता

थाहा नगरपालिकाको वडाहरूमा गत वर्ष भन्दा बजेट बढाइएको छ । नगर कार्यपालिकाको २६ जेठमा सम्पन्न बैठकले वडाहरूको लागि बजेट सिलिङ तथा मार्गदर्शन पारित गर्दै नगर को १२ वटै वडामा बजेट बढाएको हो ।

आगामी आर्थिक वर्ष २०७८/७९ का लागि थाहा नगरका वडाहरू १, २, ३, ४, ६, ९ र १० मा रू. १ करोड ११ लाखका दरले बजेट तोकिएको छ । त्यसैगरी वडा नम्बर ५ का लागि रू. १ करोड २१ लाखको सिलिङ कायम गरि एको छ भने वडा नम्बर ७, ८, ११ र १२ का लागि प्रत्येक वडामा रू. १ करोड ३१ लाख पठाउने निर्णय गरिएको छ । नगरको साविक आग्रा र टिस्टुङ विकासका दृष्टिले पछि परेको भन्दै नगर को शुरूका वर्षहरूबाटै अन्य वडाहरूको तुलनामा बढी रकम छुट्याउने गरिएको छ । गत वर्ष ती वडाहरूमा रू. १ करोड १५ लाखका दरले बजेट विनियोजन गरिएको थियो । वडा नम्बर ५ पनि केही दुर्गम भएकोले १, २, ३, ४, ६, ९ र १० वडाहरूभन्दा बढी रकम दिइएको थाहा नगर नेकपा एमाले संसदीय दलका नेता शशिधर सुवेदीले जानकारी दिए ।

औसतमा गत वर्षभन्दा प्रत्येक वडामा रू. १५ लाख बढी बजेट छुट्याइएको नेता सुवेदीको भनाइ छ । नगरपालिकाको श्रोत पहिचान गरेर नगर को बजेट निर्माण अघि नै वडाहरूलाई सिलिङ तोकिएको नगरपालिकाले जनाएको छ । प्रत्येक वडालाई चालु खर्चतर्फ रू. ४ लाख र पूँजीगत खर्च(मर्मत सम्भार) रू. ७ लाख समेत गरी उल्लेखित बजेट वडाका लागि विनियोजन गरिएको हो । नगर कार्यपालिकाले वडाहरूको बजेट निर्धारण गरेपछि २६ जेठमा वडा कार्यालयहरूलाई पत्राचार गरी जानकारी गराइसकेको नगर प्रमुख लवशेर विष्टले बताए । वडा भेला गरी वडा समितिको सिफारिससाथ आगामी ५ असारभित्र नगर कार्यपालिकामा योजना पठाउन नगरपालिकाले वडा कार्यालयहरूलाई पत्राचार गरेको छ ।

**नगरबाट विनियोजित बजेटले वडामा के गर्ने, के नगर्ने ?**

थाहा नगरका १२ वटा वडाहरूमध्ये बजेट वर्गीकरणको आधारमा नगर कार्यपालिकाले वडाहरूलाई योजना छनोट गर्न निर्देशन दिएको छ । सोबमोजिम वडा नम्बर ५, ७, ८, ११ र १२ मा कम्तिमा एउटा योजना रू. २० लाख र अन्य वडामा कम्तिमा २५ लाखको हुनुपर्नेछ । त्यसैगरी वडा नम्बर ५, ७, ८, ११ र १२ मा कम्तिमा एउटा योजना रू. ५ लाख र अन्य वडामा कम्तिमा रू. ७ लाखको हुनुपर्ने पनि मार्गदर्शनमा उल्लेख गरि एको छ । निजी श्रोत शिक्षकको तलबभत्ताको लागि आवश्यक बजेट नगर ले नै विनियोजन गर्ने हुँदा वडाको बजेटले सो सम्बोधन गर्न नपर्ने नगरपालिकाले जनाएको छ ।

संघीय सरकार वा प्रदेश सर कारबाट समपुरक अनुदान वा विशेष अनुदानमा सडकतर्फ बजेट परेको रहेछ भने ठूला योजनाअन्तर्गत रू ४० लाख सोही योजनाको लागि 'म्याचिङ फण्ड'को रूपमा छुट्याउनु पर्ने मार्गनिर्देशनमा भनिएको छ । वडास्तरीय कार्यक्रमका लागि नगरले पठाउने रू. १० लाखबाट ७० प्रतिशत योजनामै खर्च गर्नुपर्ने र बाँकी ३० प्रतिशत रकममात्र भैपरी कार्यमा खर्च गर्ने गरी ३० प्रतिशत रकम चालु खर्चमा समावेश गरिएको नगर कार्यपालिकाले स्पष्ट पारेको छ ।

थाहा नगर कार्यपालिकाले वडामा योजना छनोट गर्दा वडा बजेटबाट नयाँ सडक ट्र्याक खोल्ने योजनामा बजेट विनियोजन गर्न नपाइने जनाएको छ । कृषि, शिक्षा, स्वास्थ्य पर्यटनजस्ता वडाले प्राथमिकता तोकेको योजना तथा कार्यक्रमहरूमा बजेट विनियोजन गर्न सकिने मार्गदर्शनमा उल्लेख छ । त्यसैगरी कोभिड-१९ नियन्त्रणका लागि स्वास्थ्य सामग्री, ल्याब तथा स्वास्थ्य संस्था सञ्चालनमा वडाले बजेट विनियोजन गर्न सकिने पनि जनाइएको छ ।

# थाहा नगरमा आयो नयाँ एम्बुलेन्स



◆ विकास संवाददाता

थाहा नगरपालिकामा स्थानीय बासिन्दाको आर्थिक संकलन अभियानबाट नयाँ एम्बुलेन्स भित्र्याइएको छ । 'निःशुल्क एम्बुलेन्स' अभियान नै सञ्चालन गरेर थाहा नगरपालिका वडा नम्बर १ ओखर बजारका युवाहरूले तीन वर्षअघि आर्थिक संकलन अभियान शुरू गरेका थिए । अन्ततः उनीहरूको अभियानले सार्थकता प्राप्त गरेको छ ।

व्यक्तिगत सम्पर्क, सामाजिक सञ्जालको प्रयोग आदिका माध्यमबाट आर्थिक संकलन अभियान अन्तर्गत रू. २४ लाख संकलन गरेर एम्बुलेन्स खरिद गरिएको एम्बुलेन्स सञ्चालक समितिका अध्यक्ष सुरेन्द्रमान प्रधानले जानकारी दिए । समितिले प्राविधिक हिसाबले थाहा नगरपालिकाको नाममा एम्बुलेन्स खरि दका लागि प्रक्रिया अघि बढाएको थियो । अब एम्बुलेन्स संचालन कार्यविधि तयार गरी संस्थागत रूपमा ल्यायम्ह : पुचः मकवानपुर शाखाबाट सञ्चालन गरिने प्रधानले बताए ।

एम्बुलेन्स खरिदका लागि प्रक्रिया ढिला हुने भएपछि एम्बुलेन्स संचालक समितिले अर्को एम्बुलेन्स प्रयोग गरे बापतको भाडा भुक्तानी गर्दै आएको थियो । 'आर्थिक अभावले मानिस अस्पताल पुग्न नपाइ मर्न नपरोस् भन्ने चाहनाले हामी युवाहरूले २०७५ सालको न्हुदँया भिन्तुनाको अवसरमा यो कार्यक्रम घोषणा गरेका थियौं, सबै जनताले विश्वास गर्नुभयो,' समितिका अध्यक्ष प्रधानले भने, 'विभिन्न चाडवाड तथा जन्मदिनहरूमा खुसीयाली मनाउने चलनहरूले महत्व लिइरहेको छ, त्यसरी क्षणिक रमाइलोमा खर्च गर्नु भन्दा सामाजिक सेवामा मन जाओस् र हामी अर्काका लागि बाँच्दैछौं भन्ने भावना पनि जागृत होस् भन्ने चाहानाले यो एम्बुलेन्स खरिद गरेका हौं ।'

# नगरपालिकामा नगर प्रवक्ताको 'फ्लेक्स'




◆ विकास संवाददाता

थाहा नगरपालिकाको इतिहासमा पहिलोपटक नगर प्रवक्ताको 'फ्लेक्स' राखिएको छ । नगर कार्यपालिकास्थित नगर प्रमुखको कार्यकक्ष बाहिर ढोकामा नगर प्रवक्ताको विवरणसहितको 'फ्लेक्स' राखिएको हो ।

थाहा नगरपालिकाले नगर पालिकाका बैठकका निर्णय र नगर पालिकाबाट भएगरेका गतिविधिहरू सार्वजनिक गर्न २०७५ सालमै प्रवक्ताको रूपमा वडा नम्बर ७ का वडा अध्यक्ष सनमसिं मोक्तानलाई तोकेको थियो । सोहीअनुसार प्रवक्ता मोक्तानको विवरण थाहा नगरपालिकाको वेबसाइटमा राखिएको थियो ।

नगरमा नगरप्रमुखको कार्यकक्षमा आउने जोसुकैले प्रवक्ताबारे जानकारी पाउन् र प्रवक्तामार्फत् नगरका गतिविधिहरू प्राप्त गरून् भनेर फ्लेक्सको व्यवस्था गरिएको नगरप्रमुख लवशेर विष्टले बताए ।

थाहा नगरपालिकाको कार्यसम्पादन नियमावलीको दफा १७ मा नगर कार्यपालिकाको बैठकले कार्यपालिका सदस्यहरूमध्येबाट एक जनालाई प्रवक्ता तोक्नुपर्ने व्यवस्था छ । प्रवक्ताले नगरपालिकाको बैठकका निर्णय र नगरपालिकाबाट भएगरेका गतिबिधि बारे जानकारी गराउने काम गर्नुपर्ने सो दफामा उल्लेख छ ।

# ६ असारदेखि अनलाइन कक्षा




◆ विकास संवाददाता

थाहानगरका संस्थागत विद्यालयहरूले आउँदो असार ६ गतेदेखि शैक्षिक सत्र २०७८ को पठनपाठन सुरू गर्ने भएका छन् । २८ जेठमा भएको निजी तथा आवासीय विद्यालय अर्गानाइजेशन नेपाल (प्याब्सन) थाहानगर कमिटीको अनलाइन बैठकले यस्तो निर्णय गरेको हो । बैठकले नगर शिक्षा शाखाले निर्दिष्ट गरेको मापदण्डका आधारमा ३० जेठभित्र शैक्षिक सत्र २०७७ को नतिजा प्रकाशन गरी १ असारदेखि भर्ना सुरू गर्ने निर्णय गरिएको अध्यक्ष सुरेन्द्रमान प्रधानले बताए ।

'ग्रामीण भेगमा सञ्चार सुविधाको पहुँच छैन भनेर कुर्ने अवस्था छैन, त्यसैले सकेसम्म सबै विद्यार्थीलाई अनलाइनमार्फत् सिकाइ क्रियाकलापमा जोड्ने प्रयत्न गर्नेछौं ।' प्रधानद्वारा जारी विज्ञप्तिमा भनिएको छ । यसअघि पनि धेरैजसो संस्थागत विद्यालयहरूले नियमित रूपले अनलाइन कक्षाहरू संचालन गर्दै आएका थिए ।

बैठकले गत वर्ष पनि कोरोनाका कारण सम्पूर्ण अभिभावक, विद्यार्थी, शिक्षक र विद्यालय आर्थिक रूपले समस्यामा परेको मूल्याङ्कन गर्दै असोजदेखि शुल्क निर्धारण गरिएको स्मरण गर्दै यो वर्ष जेठ महिनाको बस, वार्षिक परीक्षा र होस्टल शुल्क पूर्ण रूपमा छुट गर्ने निर्णय गरेको छ । साथै, नयाँ विद्यार्थी भर्ना लिँदा शैक्षिक सत्र २०७७ को जेठ महिनासम्मको शुल्कहरू भुक्तानी गरी विद्यालयले दिइने प्रमाणपत्र अनिवार्य लिएर मात्र भर्ना गर्न सबै विद्यालयलाई जानकारी गराउने निर्णय समेत भएको प्याब्सन नगर सचिव संगम काकीले बताए ।

बैठकले निजी तथा आवासीय विद्यालय अर्गानाइजेशन नेपाल (प्याब्सन) केन्द्रले कोभिडबाट बिरामी हुनेहरूको उपचारमा सहयोग गर्ने हेतुले संचालन गरिरहेको सहयोग अभियानमा प्याब्सन थाहानगरबाट ४५ हजार ६ सय ७८ रूपियाँ सहयोग गर्ने निर्णय पनि गरेको छ । प्याब्सन थाहानगरले कोभिडविरूद्ध संचालित खोप संस्थागत विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई पनि प्राथमिकताको आधारमा तत्काल उपलब्ध गराउन माग गर्ने निर्णय गरेको छ । यदि सरकारले निःशुल्क उपलब्ध गराउन असमर्थ भएमा शिक्षक कर्मचार ीहरूलाई तोकिएको शुल्क प्याब्सनले भुक्तानी गर्ने गरी भएपनि खोप लगाउन पाउने व्यवस्था गर्न सरकारसँग माग गर्ने निर्णय गरेको छ । आगामी आइतबार थाहा नगरपालिका प्रमुख लवशेर विष्टसमक्ष खोपको मागसहितको ज्ञापन पत्र बुझाउने कार्यक्रम समेत तय भएको सचिव कार्कीले बताए । थाहानगरमा संस्थागत विद्यालयमा करिब २ सय शिक्षक कर्मचारी कार्यरत छन् ।

# स्वास्थ्य सामग्री सहयोग

◆ विकास संवाददाता

शिखर कन्स्ट्रक्शनले कोरोना नियन्त्रण तथा रोकथाममा सहयोग पुऱ्याउन थाहा नगरपालिकालाई विभिन्न १० प्रकारका सामग्री सहयोग गरेको छ । सहयोग गरिएको सामग्रीमा औषधि तथा उपकरणहरू रहेका छन् ।

२७ जेठमा नगरपालिकालाई वितरण गरिएको सामग्रीहरूमा सिटामोल १ हजार ३०० ट्याब्लेट, पेन्टाभ ५ सय ट्याब्लेट, भिटामिन सी ५ सय ट्याब्लेट, जिंक ५ सय ट्याब्लेट, मनुकाष्ट २ सय ट्याब्लेट र रोटाक्याप बुडाक्रोट २५ थान छन् ।

यसैगरी अस्थालिन इनहालर ४ थान, पल्स अक्सिमिटर ३ थान, थर्मल गन १ र डिजिटल थर्मामिटर ४ थान सहयोग गरिएको नगरपालिकाले जनाएको छ ।

कन्स्ट्रक्शनको तर्फबाट सञ्चालक अमृत सिन्तानले थाहा नगर पालिकाका प्रमुख लवशेर विष्टलाई सो सामग्री हस्तान्तरण गरेका थिए ।

# राक्सिराङमा कोभिड अस्पताल उद्घाटन



◆ विकास संवाददाता

जिल्ला समन्वय समिति (जिसस) मकवानपुरको अनुदानमा जिल्लाको विकट राक्सिराङ गाउँपालिकामा निर्माण भएको अस्थाई कोभिड अस्पताल आजबाट सञ्चालनमा आएको छ । जिससको मौज्दात कोषबाट प्राप्त ५० लाख रूपैयाँ बजेटबाट राक्सिराङ गाउँपालिका-५ स्थित ठाडेचुरीमा निर्माण भएको २६ बेडको अक्सिजन सुविधासहितको अस्थाई कोभिड अस्पतालको आज उद्घाटन गरिएको हो ।कोभिड अस्थाई अस्पतालको जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख रघुनाथ खुलालले आज एक कार्यक्रमका बीच उद्घाटन गरेका हुन् ।

कोभिड अस्थाई अस्पतालको उद्घाटन गर्दै प्रमुख खुलालले कोभिड-१९ को महामारीबाट बच्न र बचाउन सवैजना सकारात्मक भएर, सतर्क भएर जुट्नुपर्ने बताए । मौज्दात कोषको रकमको सदुपयोग गरेकोमा गाउँपालिकालाई धन्यवाद दिँदै प्रमुख खुलालले स्थानीयको जनजीवनमा सकारात्मक परिवर्तनका लागि पालिकाले योजनावद्ध रूपमा काम गर्नुपर्ने सुझाव दिए । यसअघि गाउँपालिकाले पालिकाको मुकाम चैनपुरस्थित प्रजा जागृति आधारभूत विद्यालयमा कोभिड-१९ अस्पताल सञ्चालन गरिरहेको थियो ।

२६ कोठे प्रिफ्याव भवन तयार भएसँगै कोभिड-१९ संक्रमित बिरामीलाई अस्पतालमै स्थानान्तरण गरिने गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले जानकारी दिए । अध्यक्ष मल्लले जिल्लाकै दुर्गम गाउँपालिकाका नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्न कै लागि पहिलो पटक पालिकाले मेडिकल अधिकृत नियुक्त गरेको पनि जानकारी दिए । पालिकाले स्वास्थ्य क्षेत्रमा विभिन्न कार्यक्रम ल्याएको जानकारी दिदैँ अध्यक्ष मल्लले सिटामोल नपाउने, नखाने अवस्था रहेको राक्सिराङमा अहिले हरेक वडामा स्वास्थ्य इकाई निर्माण भएको र स्वास्थ्य क्षेत्रमा विकास हुदैं गइरहेको बताए । जिल्ला समन्वय समितिको ५० लाख र गाउँपालिकाको १५ लाखको लागतमा सुविधा सम्पन्न अस्पताल निर्माण भएको हो । अस्पतालमा औषधि स्टोर, भान्छाकोठा, व्यवस्थित शौचालयलगायत सुविधा रहेको छ । भने हरेक बेडमा अक्सिजन सुविधाको व्यवस्था गरिएको छ । अस्पतालमा गाउँपालिकाले डाक्टर सहित ५ जना स्वास्थ्यकर्मीको व्यवस्था गरेको छ । स्थानीय हरिबहादुर प्रजाले स्वास्थ्य चौकी भवन, कोभिड स्थाई अस्पताल र १५ शैयाको अस्पताल निर्माण गर्नका लागि १ बिगाहा जमिन दान गरे पछि हाल अस्थाई अस्पता निर्माण भएको छ । भने स्वास्थ्य चौकीको काम अन्तिम अवस्थामा पुगेको छ र १५ शैयाको अस्पताल निर्माणका लागि टेन्डर प्रकृयामा रहेको अध्यक्ष मल्लले बताए ।

कोभिड-१९ अस्पताल उद्घाटन कार्यक्रममा राक्सिराङ गाउँपालिकाकी उपाध्यक्ष निर्मला हिम्डुङ, जग्गादाता हरिबहादुर प्रजा, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत युवराज आचार्य, सामाजिक विकास शाखाका प्रमुख गोविन्द अधिकारी, स्वास्थ्य संयोजक विजय कापरी, मेडिकल अधिकृत धनबहादुर खत्रीलगायतको उपस्थिति रहेको थियो ।

# क्याम्पा रंगशाला : पोखरेलद्धारा १ लाख १ हजार सहयोग

◆ विकास संवाददाता

हेटौँडा उपमहानगरपालिका वडा नंबर-५ क्याम्पा डाँडामा रहेको क्याम्पा रंगशाला निर्माणको लागि सहयोग आउने क्रम जारी छ । यसै क्रममा आज हेटौँडाका युवा ब्यवसायी सरोज पोखरेलले १ लाख १ हजार रूपैँया सहयोग गरेका छन् ।

वडा अध्यक्ष राजेश बाँनीयाको उपस्थितीमा पोखरेलले सो रकम पिप्ले युवा क्लबलाई हस्तान्तण गरेको क्लबका अध्यक्ष शुसिल घिमिरेले बताए ।



हेटौँडा उपमहानगरपालिकाको सहयोगमा निर्माण भैरहेको रंगशालाको हाल प्यारापिट निर्माणको काम जारी रहेको छ । करिब १५ हजारसम्म दर्शक बसेर फुटबल हेर्न मिल्ने प्यारापिट सहित एथलेटिक्स खेलको लागि समेत ट्रयाक निर्माण भैरहेको घिमिरेको भनाई रहेको छ ।


यसैगरी आजै नविन पराजुली तथा विनोद पराजुलीले १० हजार रूपैँया सहयोग गरेको क्लबले जनाएको छ । त्यसैगरी आजै संगिता श्रेष्ठले पनि आफ्नो जन्मदिनको अवसरमा ५ हजार ५ सय ५५ रूपैँया सहयोग गरेकि छिन् ।

पिप्ले युवा क्लबले विभिन्न सहयोग तथा हेटौँडा उपमहानगर पालिकाको सहयोग सहकार्यमा उक्त रंगशाला निर्माण गरिरहेको छ ।

बिहाबारी बीस बर्ष पारी

केटा र केटी दुवैको उमेर २० वर्ष नभई आफ्नै राजीखुशीले अथवा आमा-बुवा वा अभिभावकको स्वीकृतीमा विवाह गरे पनि उक्त विवाहलाई बाल विवाहको रूपमा लिइने हुँदा सो विवाह कानुनद्वारा निषेध गरिएको छ । तसर्थ बालविवाह नगरौं र नगराऔं ।





बाल विवाह कानूनी अपराध हो ।

मुलुकी अपराध संहिता, २०७४ ले बाल विवाहलाई विवाह सम्बन्धी कसुर मानेको छ र बाल विवाह स्वतः बदर हुने उल्लेख छ । बालबालिका सम्वन्धी ऐन, २०७५ ले विवाह गर्नेको उमेर २० वर्ष नपुगी विवाह तय गर्ने वा विवाह गर्ने वा गराउनेलाई बालबालिका विरूद्धको कसुर मानी ७५ हजार रूपैयाँ सम्म जरिवाना र ३ वर्ष सम्म कैद सजाय तोकेको छ ।

नोटः बाल विवाह हुन लागेको वा हुँदै गरेको थाहा पाएमा बाल विवाह हुन नदिने तथा रोक्ने, जनप्रतिनिधीलाई खबर गर्नुका साथै नजिकैको प्रहरी कार्यालयमा जानकारी गराउने वा प्रहरी कन्ट्रोल नं. १०० वा बाल हेल्पलाईनको पैसा नलाग्ने फोन नं. १०९८ (दश-नौ-आठ) मा फोन गरी जानकारी दिने ।

थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

# मेलान मकवानपुरको आयोजनामा दिप प्रज्ज्वलन



◆ विकास संवाददाता

मेडिकल ल्याबोरेटरी एसोसिएसन अफ नेपाल (मेलान)को १६ औं स्थापना दिवसको अवसरमा हेटौँडामा कोरोना संक्रमणको कारण ज्यान गुमाएका नागरिकको सम्झनामा दिप प्रज्ज्वलन गरिएको छ । मेलान मकवानपुरको आयोजनामा हेटौंडा अस्पताल लगायत सबै स्वास्थ्य संस्थाहरूमा देशैभर कोभिडका कारण ज्यान गुमाउनु भएका सम्पुर्ण प्रयोगशालाकर्मी,स्वास्थ्यकर्मी, चिकित्सक लगायत आम नागरिकको सम्झनामा एक मिनेट मौन धारण र दिप प्रज्ज्वलन गरिएको हो ।

कार्यक्रममा देशैभर कोभिड-१९ बाट संक्रमित सम्पूर्ण स्वास्थ्यकर्मी, आम नागरिकको शीघ्र स्वास्थ्यलाभको कामना पनि गरिएको मेलानका केन्द्रीय नेता उत्सव चौँलागाईले बताए ।

व्यक्तिगत घटना दर्ता




जन्म, मृत्यु, विवाह, सम्बंध बिच्छेद, र बसाई सराई जस्ता व्यक्तिगत घटना ३५ दिन भित्रमा दर्ता गराई असल नागरिकको कर्तब्य निभाऔं ।

गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग
एम.आइ.एस. सेवा इकाइ,
थाहा नगरपालिका

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी